(वीर सहिदहरूको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित)

सहिद

SAHID WEEKLY साप्ताहिक

महिला हिंसा अन्त्य गरौं, शुन्य सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वर्ष ९, अंक ३९, (पूर्णाङ्क ३६३) पृष्ठ -६ ने.सं. ११३३ थिंलागा, आमै, वि.सं. २०६९ पुस २७ गते शुक्रबार JAN 11, 2013 मूल्य रू. ५।-

काउखालीको ढिलाले लाखौंको क्षति हुने खतरा

बास्केटबल कोट भाँस्ने खतरामा

कीर्तिपुर । काठमाडौं उपत्यका खानेपानी लिमिटेड (काउखाली) कीर्तिपुर शाखाको ढिला कामले जनसेवा उच्च माविमा नवनिर्मित बास्केटबल कोर्ट भाँस्ने खतरा बढेको छ ।

जनसेवा उमाविको विद्यालय प्राङ्गणमा विछ्याइएको खानेपानी पाइप चुहिएर बास्केटबल कोर्टको पूर्वतिर २४ सै घण्टा पानी वगेर खेर गइरहेको छ ।

महिनौं दिनपछि चुहावट पत्ता लगाउन एक हप्ता अगाडि मात्र बास्केटबल कोर्ट

क्रमशः अन्तिम पृष्ठमा

कीर्तिपुर नगरको १८ औं नगरपरिषद् आज

नगरपालिकाको आफ्नै भवन बनाउन जोड दिनुपर्ने

काठमाडौं उपत्यकामा एक महानगरपालिका, १ उपमहानगरपालिका र ३ नगरपालिका मध्ये राजधानी काठमाडौंमा रहेको नगरपालिका हो कीर्तिपुर नगरपालिका जसको अहिलेसम्म आफ्नै कार्यालय भवन छैन ।

नगरपालिका सुरु स्थापना हुँदा पहिलो जन निर्वाचित प्रतिनिधिले नगरपालिकाको केन्दविन्दु हेरी पाँगा दोबाटो भाजँगाल रोडमा एक नीजि घरमा वहालमा बसेको थियो ।

महँगो वहाल तिर्नुपर्ने झन्झटमा मुक्त गर्न त्यहाँबाट कीनपा वडा नं २ देवढोकास्थित सामुदायिक भवनमा सरियो । देवढोका रहेको कार्यालय कीर्तिपुरको पश्चिम भाग, नैकाप गाविसको सिमानामा रहेकोले भौगोलिक दृष्टिकोणले अपायक भएको बारम्बार आवाज उठ्दै आइरहेको थियो ।

नगरपरिषद्मा शान्ति मन्त्रालयबाट द्वन्द्व पीडित क्षेत्र भवन निर्माणको लागि ३ करोड ५० लाख छुट्याइएको र सो रकम माग गर्न मंगल उच्चमाविको पूर्वतिर रहेका तत्कालका लागि कान्जि हाउस जग्गामा निर्माण गर्ने प्रस्तावसहित सर्वदलीय सहमति भएको थियो । त्यस परिषद्बाट कीर्तिपुर नपा भवन कहाँ बनाउने भन्ने स्थलगत अध्ययन गर्ने निर्णय पनि भएको थियो ।

त्यसबेला पनि

क्रमशः अन्तिम पृष्ठमा

कीर्तिपुर नगरको समानुपातिक विकास गर्ने

– रामलाल श्रेष्ठ, कार्यकारी अधिकृत

कीर्तिपुर नपाको १८ औं नगरपरिषद् आज बस्दैछ । स्थानीय निकायमा दलीय भागवन्दाको कारण सर्वदलीय सयन्त्र भङ्गपछि बस्ने नगर परिषद् कस्तो हुने ? कतिको बजेट पारित हने र के-के मा प्राथमिकता दिनेछ सबैको चासोको विषय बनेको छ ।

विगतमा शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोमा विशेष प्राथमिकता दिँदै आइरहेको नगरपालिककाले अब के गर्ला यसबारे नपाको कार्यकारी अधिकृत के भन्नुहुन्छ । पृष्ठ ४ मा हेर्नुहोला ।

‘हिंसा सहनुपनि हिंसा हो’

नेकपा एमालेसित आवद्ध अखिल नेपाल महिला संघको आयोजनामा कीर्तिपुर कृष्ण क्यार्टरिङ्ग हलमा पुस २५ गते बुधबार लैङ्गिक हिंसा विरुद्ध अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

अखिले नेपाल महिला संघका केन्द्रीय अध्यक्ष एवं नेकपा एमालेका उपाध्यक्ष विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा वहाँले देशमा महिला माथि भैरहेको हिंसा अन्त्य हुनुपर्ने चर्चा गर्नुभयो ।

सबै नेपालीले न्याय र अन्याय छुट्याउनुपर्ने बताउँदै

क्रमशः अन्तिम पृष्ठमा

टुकी र मैनबत्तीको भरमा विद्यार्थीहरू

- हरिसुन्दर छुकां

यस वर्षको एसएलसी र जिल्लास्तरीय परीक्षामा सहभागी हुने विद्यार्थीहरू टुकी र मैनबत्ती बाल्दै परीक्षाको तयारीमा जुटिरहेका छन् ।

निजिकरहेको एसएलसी, डीएल र यससँग सम्बन्धित परीक्षाहरूलाई ध्यानमा राखी तयारीमा जुटिरहेका विद्यार्थीहरू पनि विद्युत कटौतीको मारमा परेपछि टुकी र मैनबत्ती बालेर भएपनि परीक्षाको तयारीमा जुटिरहेका हुन् । जलस्रोतको धनी देश भएर पनि आवश्यक मात्रामा विद्युत उत्पादनमा लाग्न नसकेको देशमा विद्युत प्राधिकरणले बढाएको लोडसेडिङको सिकारमा आम उपभोक्तासँगै भविष्यका कर्णाधार मानिएका विद्यार्थीहरू पनि परेका छन् ।

“ध्रुवतारा” अन्तरक्रिया

पूँजीपति वर्गले कामदार जनताको सेवा गर्दैन र साँचो कुरा जनतालाई सिकाउँदैन, कामदार वर्गको सेवा समाजवादी व्यवस्थामा मात्र हुन्छ । सो कुरा नेमकिपा काठमाडौं जिल्ला समितिको आयोजनामा बलम्बुमा भएको ‘ध्रुवतारा द्वैमासिक पूर्णाङ्क ५ र ६ को अन्तरक्रिया’ कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका

क्रमशः अन्तिम पृष्ठमा

हिमाल सिमेन्ट कारखानाको जग्गा बिक्रीमा ?

कीर्तिपुर वडा नं. १४ चोभार जलविनायकस्थित बन्द रहेको हिमाल सिमेन्ट कार खानाको जग्गा बिक्री गरिने भएको छ ।

नेपाल सरकार उद्योग मन्त्रालय सो कारखाना सम्बन्धमा कारखाना रहेको स्थानमा प्रदर्शनी स्थल सहित सम्मेलन केन्द्र निर्माण गर्न निजी क्षेत्रको प्रस्ताव आह्वान गर्ने सन्दर्भमा प्रमुख जिम्मेवार निकाय अर्थ मन्त्रालयलाई कार्यक्रम अधि बढाउन निर्णय गरेपछि एनआइडीसीले सो जग्गा सरकारले नै खरिद गर्न अर्थ मन्त्रालयलाई पत्र लेखेको छ ।

बैंकको जमानतमा परेको सो कारखानाका मेशिन लगायतका सामान बिक्री गर्न पटकपटक टेण्डर भैरहेको अवस्थामा अब जग्गा समेत बिक्री गर्न लागेको हो ।

सूचना विभागद्वारा

आयोजित सूचना तथा संचार मन्त्रालयमा भएको प्रवक्ता पत्रकार भेटघाट कार्यक्रममा उद्योग मन्त्रालयका प्रवक्ता यामकुमारी खतिवडाले

क्रमशः अन्तिम पृष्ठमा

cafe' de Kirtipur
अब नयाँ व्यवस्थापनमा
For Continental, Chinese & Indian Food

नोट:-मासु पसल, फोटोकपी पसल, पानीपुरी पसल राख्न चाहनुहुने महानुभावहरूले कृपया सम्पर्क राख्नु होला ।

कीर्तिपुर मार्केट कम्प्लेक्स
नयाँबजार, भाजँगाल रोड, फोन नं.: ४३३४१०९

नयाँ भर्ना खुल्यो

यस पाँगा सेकेण्डरी बोर्डिङ्ग स्कुलमा यही २०६९ पौष १५ गतेदेखि मायालु वातावरणमा खेलको माध्यमद्वारा खेलकुद तथा शिक्षण सामाग्रीहरु प्रयोग गरेर सिकाइने प्लेग्रुप तथा शिशु स्याहारमा नयाँ विद्यार्थी भर्ना लिइँदैछ समयमै विद्यालयमा उपस्थित भै आफ्ना बालबालिकाहरुलाई भर्ना गरिदिनुहुन अनुरोध गर्दछौं ।

सम्पर्क समय:
विहान १०:०० बजेदेखि ३:०० बजेसम्म
फोन नं. ४३३००६९

पाँगा माध्यामिक विद्यालय
सहिदपथ, पाँगा

ऐतिहासिक जनअन्दोलन २०४६
चैत २० गते शहादत अमर सहिद

लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत

सहिद साप्ताहिक

वर्ष ९ अंक ३९, २०६९ पौष २७ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन
विज्ञापन/वितरक: नेल्सन
व्यवस्थापक: प्रताप, वीरुण
कम्प्यूटर टाइप/सेटिङः श्याम महर्जन
सम्पर्क कार्यालय: जहाँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३
E-mail:- kipushahid@hotmail.com
www.kipushahid.blogspot.com
www.ourkirtipur.com.np
मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

सम्पादकीय .....

पत्रकार हत्या प्रकरण दोषीलाई कारवाही हुनुपर्दछ

गल्ती गर्नेलाई सजाय दिनैपर्दछ, दोषीलाई कारवाही हुनै पर्दछ । गल्ती र दोषी गर्ने जोसुकै होस् कुनै न कुनै किसिमले विश्वकै हरेक देशमा कारवाही हुने गर्दछ । नेपाल मात्र यसको अपवाद हुन सक्दैन ।

सन्दर्भ अहिले दैलेखका पत्रकार डेकेन्द्र थापा हत्या प्रकरण होस् या महिला हिँसा गर्ने अपराधीहरुलाई कारवाही गर्नुपर्ने आवाज ठूलो स्वरले उठेको छ । दैलेखका पत्रकार थापालाई मारी जमिनमुनि गाड्ने अभियुक्तहरु अहिले प्रहरी हिरासतमा छन् ।

द्वन्द्वकालमा माओवादीबाट मारिएका पौडेलका हत्याराका अभियुक्तहरुलाई कारवाही गर्नुको सट्टा प्रधानमन्त्री स्वयं अभियुक्तलाईए बयान दिन नलगाउन, द्वन्द्वकालको घटनालाई अहिले अगाडि ल्याउन नहुने अभिव्यक्त दिँदै आइरहेको छ ।

प्रमको अभिव्यक्तिको विरोधमा नेपाल पत्रकार महासंघले बुधबार राजधानीमा विरोध प्रदर्शन गर्न बाध्य बनायो । महासंघले देशमा राज्य नै नभएको विधिको शासन नभएको भन्दै वर्तमान सरकारको आलोचना गर्दै प्रधानमन्त्रीलाई विरोध पत्र बुझाएको छ ।

दैलेखमा सत्तापक्षका दलले द्वन्द्वकालको घाउ कोट्याएको भन्दै भौतिक कारवाही गर्ने धम्कीको विरोधमा दैलेखका पत्रकार र न्यायपूर्ण जनता संघर्षमा रहेको छ ।

जघन्य अपराध चाहे राज्यबाट गरेको होस् या दलका नेता तथा कार्यकर्ताहरुबाट गरेको होस् कानुनी कारवही हुनैपर्दछ ।

दोषीलाई कानुनी कारवाही गर्न नसक्दा आज ४६ सालको आन्दोलन दवाउने र ०६२/०६३ सालको आन्दोलन डबाउने दोषीहरु बढुवा हुँदै गइरहेको छ ।

मल्लिक आयोज र रायमाझी आयोग रद्दीको टोकरीमा फाल्ने कार्य हिजो भयो भने आज गणतन्त्र नेपालमा पनि त्यही भइरहेको छ । गणतन्त्र आइसकेपछि गणतान्त्रिक सरकारले मल्लिक र रायमाझी आयोगको पाना पल्टाउनु आवश्यक छ, दोषीलाई कारवाही गर्नु जरुरी छ ।

कारवाही कार्यान्वयन गर्न जिम्मेवारी निकायमा पुगेर दोषीलाई कारवाही नगर्नुपनि अपराध हो । जो सुकै तरिकाले गर्ने अपराधलाई कालान्तरमा सजायको भागी हुनेछ ।

कर्णेल लामा र देशको सार्वभौमिकता

– योगेन्द्रमान बिजुक्छें

विधिको शासनलाई भत्काएर लोकतन्त्रको दुहाई दिने र दिनदिनै आफ्नै भूमिमा सोझा साझा जनता लुटिंदा, मारिदा, बलात्कार हुँदा मुखमा दही जमाएर बसेका र आखाँमा पत्ती लगाएर बसेका नेता र पार्टीहरूले देशको सार्वभौम कर्णेल लामाको पक्राउमा मात्र होइन प्रत्येक पीडित नेपाली जनताको आँसुमा देख्नुपर्‍यो ।

विधिको शासनलाई भत्काएर लोकतन्त्रको दुहाई दिने र दिनदिनै आफ्नै भूमिमा सोझा साझा जनता लुटिँदा, मारिदाँ, बलात्कार हुँदा मुखमा दही जमाएर बसेका र आखाँमा पत्ती लगाएर बसेका नेता र पार्टीहरूले देशको सार्वभौम कर्णेल लामाको पक्राउमा मात्र होइन प्रत्येक पीडित नेपाली जनताको आँसुमा देख्नुपर्‍यो ।

कर्णेल लामाको गिरफ्तारी

शान्ति सेनाअन्तर्गत सुडानमा कार्यरत कर्णेल कुमार लामा गत बिहीबार बेलायतमा पक्राउ परेको घटनाले नेपाल सरकार र राजनैतिक पार्टीहरूबीच भूकम्प ल्याईदिएको छ । कर्णेल लामालाई बेलायत सरकारले नेपालको माओवादी द्वन्द्वकालमा नियतबस जनकबहादुर राउत र करम हुसेन नामक दुई व्यक्तिहरूलाई नियन्त्रणमा लिई कपिलवस्तुको गोरुसिङ्गे सैनिक व्यारेकमा अनाहकमा यातना दिएको आरोपमा बेलायतकै कानुनअनुसार पक्राउ गरेको बताएको छ । कर्णेल लामालाई शनिबार बेलायतको जिल्ला अदालतले थुनामै राखेर कारबाही गर्ने आदेश दिइसकेको छ ।

नेपाल सरकार र प्रमुख राजनैतिक पार्टीहरूले यस घटनालाई गम्भीर आपित्त जनाउँदै एक सार्वभौम देशको नागरिकमाथिको यस व्यवहारलाई अमान्य र अन्तर्राष्ट्रिय कानुनको वर्खिलाफ भनी बेलायत सरकारको विरोध गर्दै लामाको तत्काल रिहाइको माग गरेको छ ।

मानव अधिकारका कुरा

संयुक्त राष्ट्रसंघको विश्व मानव अधिकारको घोषणापत्रबाहेक ४६ सालपछि अन्य मानव अधिकारसम्बन्धि धेरै अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरूमा नेपालले हस्ताक्षर गरेर यसका पक्षराष्ट्र भए । नेपालले यी महासन्धिहरूमा हस्ताक्षर गरेर जुन प्रतिबद्धता देखाएको थियो यो मानव अधिकारको क्षेत्रमा विश्व जगतका लागि एउटा राम्रो उदाहरणको रुपमा लिइन्छ । तर अफसोच यी अन्तर्राष्ट्रिय सन्धिहरूको पक्षराष्ट्र भएपश्चात् यसप्रतिको उत्तरदायित्वका बारेमा नेपालका सरकारहरू कहिल्यै पनि गम्भीर भएनन् । सामान्यतया यी महासन्धिहरूमा हस्ताक्षर गरिसकेपछि हाम्रो घरेलु कानुनका कुनै धारा वा दफा यस सन्धिको भावना र मर्मसँग बाझिएका भए त्यसमा संशोधन गर्नुपर्ने बाध्यता हुन्छ । नेपालका घरेलु कानुनहरूमा आफू पक्षराष्ट्र भएका यस्ता महासन्धिहरूसँग बाँझिएका अझै थुप्रै कानुनहरू छन् । यतातिर हामी सचेत हुन सकेनौं । द्वन्द्वकालमा पनि यसका बारेमा मानव अधिकारमा कार्यरत समुदायको आग्रह र अनुरोधप्रति सरकार कहिल्यै गम्भीर भएन । उता द्वन्द्वकालकै सुरुवाति चरणमा सरकारी ज्यादती र दमन बढ्दै जाँदा र युद्धबन्दीहरूलाई समेत मारिँदा माओवादीहरूले पनि आफूलाई जेनेभा महासन्धिअनुरुप व्यवहार गरियोस् भनी माग गरे । तर आफै विस्तारै गैरसैनिक नागरिकहरूको हत्यामा आफै संलग्न हुँदै गए । यसरी द्वन्द्वकालमा दुवै पक्षले मानव अधिकारको सवालमा उदासिनता देखाए ।

६२ र ६३ को दोस्रो जनआन्दोलनपश्चात् २०६३ मंसिर ५ गते भएको बृहत् शान्ति सम्झौताको भावनाअनुरुप कार्य गर्न उदासीन भए । सो शान्ति सम्झौता अनुरुप नेपाल सरकार र माओवादीले कसरी युद्ध सञ्चालन भएको थियो सोकोबारे सत्यतथ्य पत्ता लगाई द्वन्द्वपीडितका लागि न्याय र परिपूरण दुवैको सुनिश्चिता गर्नुपर्ने थियो । यसकै लागि संक्रमणकालीन न्यायका महत्वपूर्ण पक्ष र संयन्त्रहरूजस्तै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गर्नुपर्नेमा आनाकानी गरे । मानव अधिकार समुदायहरूले यसप्रति पटकपटक धर्ना, जुलुस, च्याली गरेर सरकार र राजनैतिक पार्टीहरूको ध्यानाकर्षण गराउन खोजे । दण्डहिनताको अन्त्य गर्न माग गर्दा उल्टै मानव अधिकार हननका आरोपितहरू बढुवा र पुरस्कृत गरिए । अझ संक्रमणकालीन न्यायको मर्म र अन्य अन्तर्राष्ट्रिय कानुनको मर्मविपरित आरोपितहरूको मुद्दा फिर्ता लिई आममाफी गर्नमात्र सरकार तम्सियो र यसको विरोध गर्दा शान्ति प्रक्रिया भाङ्न खोजेको आरोपसमेत खेप्नुपर्‍यो मानव अधिकार समुदायले । यही मेसोमा संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्च आयुक्तको कार्यालयले ५२ सालदेखि ६३ सालसम्ममा दुवै पक्षबाट घटाईएका मानव अधिकार उलङ्घनका घटनाहरूको फेहरिस्ट तयार गरी 'नेपालको द्वन्द्व प्रतिवेदन २०६९' कार्तिक महिना सार्वजनिक गर्‍यो ।

सो रिपोर्टले आफ्नो कार्यकारी सार संक्षेपमा नेपाल सरकारको यस्ता कार्यहरूप्रति इङ्गित गरी भनिएको छ, 'केही निश्चित अपराधहरू विशेषगरी जाति हत्या, मानवताविरुद्धको अपराध र युद्ध अपराधमा आममाफी दिने काम अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका सिद्धान्तविरुद्ध हुनजान्छ । यसकारणले गर्दा संयुक्त राष्ट्रसंघले आममाफीसम्बन्धी आफ्नो अडानका विरुद्ध चालिने कुनै पनि राष्ट्रिय प्रक्रियालाई समर्थन नदिने नीति लिएको छ ।' संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको यस प्रतिवेदनले इङ्गित गरेका कुराहरूलाई मनन गर्दा कर्णेल लामाको पक्राउ यसै सन्दर्भसँग पनि नजोडिएको भन्न सकिदैन ।

हाम्रो सार्वभौम र नेताको सत्ता

माथि भनिएझैं यस घटनालाई लिएर नेपाल सरकार, माओवादी पार्टी तथा अन्य प्रमुख राजनैतिक पार्टीहरूले नेपालको सार्वभौममाथि आक्रमणसमेत भएको ठान्दै बेलायती सरकारको एक स्वरमा विरोध गरे । देशको सार्वभौमको बारेमा यति चनाखो रहेछन् हाम्रा राजनैतिक पार्टीहरू भन्ने कुरा नेपाली जनतालाई ज्ञान भयो । सम्पूर्ण देशभक्ति नेपालीको लागि यो खुशीको खबर हो । सत्ता रोहणको लागि घडी घडी छिमेकको इसारामा आफूहरू चल्दा, मात्र प्रधानमन्त्री बन्न देशको सम्पदाको कौडीको मूल्यमा उनीहरूसँग सम्झौता गर्दा, दिनडहाडै विदेशी प्रहरी नेपाली सीमाभित्र पसी उधम मचाउँदा र सिमाना मिचिँदा नेपालको सार्वभौमिकता हनन भएको चाल नपाएका नेताहरूले आज मानव अधिकारको उलङ्घनको आरोपी सेनाको पक्राउमा देशको सार्वभौमिकता मिचेको देख्दा सार्वभौमिकताको परिभाषा नै कतै फेरिसकेको हो कि भन्ने लाग्न थालेको छ । सत्ताको लागि सार्वभौम साट्न पछि नपर्ने नेपाली नेताहरूले यस्तो सार्वभौमको कुरा गर्दा अलिकति सोच्नुपर्ने हो । तर कुरो अर्कै छ । आफू सत्तामा छँदा मानव अधिकारप्रति संवेदनशील नभएका प्रत्येक नेताहरूले अब कर्णेल कुमार लामाकै नियत भोग्नुपर्ला भन्ने डरले आज उनीहरू देशको सार्वभौमिकताको जामाले आफ्नो कर्तुर छोप्न खोजेको प्रस्ट हुन्छ ।

समय अझै बाँकी छ नेताहरूलाई चेतना भयो भने मानव अधिकारको सवाल भनेको सत्तामा जाने माध्यम होइन । यसलाई त संस्कृतिको रुपमा विकास गर्न पहल गर्नुपर्छ । हिजो मानव अधिकार भएन भएर आफू किन उफ्रिएको हो फर्केर हेर्ने साहस गर्नुपर्‍यो । मानव अधिकारका आफ्ना प्रतिबद्धताको पालना गर्न हिम्मत गर्नुपर्‍यो । विधिको शासनलाई भत्काएर लोकतन्त्रको दुहाई दिने र दिनदिनै आफ्नै भूमिमा सोझा साझा जनता लुटिँदा, मारिँदा, बलात्कार हुँदा मुखमा दही जमाएर बसेका र आखाँमा पट्टी लगाएर बसेका नेता र पार्टीहरूले देशको सार्वभौम कर्णेल लामाको पक्राउमा मात्र होइन पीडित जनताको आँसुमा देख्नुपर्‍यो । मैना सुनुवारको वेदनामा देख्नुपर्‍यो । बेपत्ता पारिएका बिपिन भण्डारी परिवारको आँखामा पनि देख्नुपर्‍यो । हिजो अध्यागमनमा लुटिएका सीता राईको अस्मितामा पनि देख्नुपर्‍यो । खाडी मुलुकमा काम गर्न बाध्य नेपाली युवा युवतीहरूको रगत र पसिनामा पनि देख्नुपर्‍यो ।

'के म पनि भ्रष्टाचारी?'

– राजन फाँजू

पढेको थिएँ, अफ्रिकाका जिउँदा सहिद, तात्कालीन राष्ट्रपति नेल्सन मण्डेलाले आफ्नी श्रीमतीको भ्रष्टाचारीसँगको साँठगाँठ वा खराब आचरणको कारण पारपाचुकेसम्मको कठोर निर्णय गर्दै आफ्नो पदको गरिमा कायम गरेका थिए । पदमा पुगेपछि महानभन्दा महान नेताहरू पनि भाइभतिजावादजस्तो तल्लो स्तरसम्म गिर्ने प्रवृत्तिलाई लत्याउँदै मण्डेलाले परिवार नै टुक्रा गरे तर समाजलाई धोका दिएनन । माओले पुत्रमोह परित्याग गर्दै आफ्नो छोरालाई सर्वसाधारणको हैसियतमा कोरिया युद्धमा पठाएका थिए ।

माओको प्रखर अनुयायी बाबुराम भट्टराई हरक्षण आफूले भ्रष्टाचारीलाई शून्य सहनशीलता अपनाउने भनेर गर्जिरहेका छन् । टेबुलमुनिबाट पैसा हात पार्नु मात्र घुस लिनु वा भ्रष्टाचार गर्नु हो भनेर परिभाषित गरिरहेका छन् उनी । उपल्लो दर्जाको अभिनय गर्दै उनी भ्रष्टाचारीलाई निर्मूल पार्न अँध्यारोमा छामछाम छुमछुम गरिराखेका छन् तर फेला पार्न सकिरहेका छैनन् किनकि उनी भिडिओ ट्यापिङ्ग भएमात्र भ्रष्टाचार भएको सोच्दा रहेछन् ।

कसैको कार्यले राष्ट्रको धनमा नकारात्मक असर पर्छ भने त्यसलाई भ्रष्टाचार भनिन्छ । यस अर्थमा सरकार टिकाउन अनेक बहानामा देशको ढुकुटीबाट पैसा खर्च गरिन्छ भने त्यो पनि भ्रष्टाचार नै हो । जब भाइभतिजाको सम्बन्धको आधारमा कसैलाई सरकारी पदको जिम्मेवारी दिइन्छ भने त योग्य व्यक्तिको हकको हनन हुनजान्छ । जसले गर्दा योग्य व्यक्तिबाट पाउने उत्पादकत्वबाट राष्ट्र वञ्चित हुन्छ । अर्कोतिर भाइभतिजाको सम्बन्धको आधारमा नियुक्ति गरिँदा अयोग्य व्यक्ति छनोट भई उत्पादकत्वमा हुने ऱ्हासले राष्ट्रको लागि आर्थिक बोझ हुन जान्छ । यसरी अप्रत्यक्ष रुपमा राष्ट्रको स्वार्थमाथि भ्रष्टाचार गरेको ठहरिन्छ । त्यति मात्र होइन स्वार्थको खातिर कसैले गरेको कुकृत्यलाई नदेखे जस्तै गरे त्यो पनि भ्रष्टाचारमै गनिन्छ । यी कुरा बाबुरामजीले बुझ्न जरुरी छ ।

देशमा समाजवादी क्रान्ति गरी सम्पूर्ण जनतालाई आर्थिक रुपमा समान गर्ने अभियानमा लागेको दाबी गर्ने माओवादी नेतृ हिसिला यमीको चुरीफुरी देखिसक्नु छैन । उनलाई आफ्ना नातागोता, कुटुम्बलाई आर्थिक लाभका पदमा आसिन गराउँदैमा फुर्सद छैन । हिसिलाको यो बेफुर्सदी देख्दा एक जना समानताको खुब गफ गर्ने व्यक्तिको स्मरण हुन्छ । उक्त व्यक्तिलाई एक जना पत्रकारले सोधेछन्, "तपाई समानताको कुरा गर्नुहुन्छ, यदि तपाईसँग दुईटा घर भएभने एउटा घर अरुलाई दिन तयार हुनुहुन्छ ?" जवाफ एकदम सकारात्मक थियो । फेरि अर्को प्रश्न गरियो "के तपाईसँग दुईटा गाडी भए एउटा अरुलाई दिन तयार हुनुहुन्छ ?" जवाफ यसपल्ट पनि सकारात्मक । अन्तिम प्रश्न "के तपाईसँग दुईटा कोट भए लुगा लगाउन नपाएका व्यक्तिलाई एउटा दिनु हुन्छ ?" यस पटक भने ती गफाडीको जवाफ नकारात्मक भयो । कारण सोधियो । गफाडीले सहज भावमा भनिन् "किनकि दुईटा कोटमात्र त मसँग छ नि ।" यमीजीले पनि त्यस्तैगरी आफ्नो हैसियत नहुञ्जेल आर्थिक समानताको कुरा गर्दै जनतालाई अलमलमा पारिन् तर आफू शक्तिमा पुगेपछि माथिको गफाडीजस्तै भएकी छन् ।

आफू सानो चिट भएको पुष्टि गर्दै आगामी चुनाव जित्ने आशामा बालाजुस्थित सार्वजनिक जग्गालाई सुकुमबासीको नाममा बाँड्न उधत हिसिलालाई जोगाउन बाबुरामजी अनेक हतकण्डा अपनाउन पछि परेनन् । आफ्ना अर्धाङ्गिनी हिसिला यमीको भ्रष्टाचार र भाइभतिजावाद जस्ता कुकृत्यलाई ढाकछोप गर्न पत्रकार सम्मेलन गर्दै फुर्सद छैन । अहिले सुन्दैछु, प्रधानमन्त्री बाबुराम भट्टराई आफूलाई भ्रष्टाचारले सिध्याउने होकि भनेर साऱ्है चिन्तित छन् । यति भनेर बाबुरामजी बडो गजबको नाटक गर्दैछन् कि केही गरी भ्रष्टाचार काण्ड पर्दाफास भयो भने भन्ने छन् "मैले पहिले नै भनेको मलाई भ्रष्टाचारले सिध्याउने भयो भनेर ।" यति कुराबाट के प्रष्टिन्छ भने भविष्यमा आइपर्ने अप्ठेरोबाट पन्छिन बाबुरामजी अहिलेदेखि नै 'रिहर्सल'मा जुटिसकेका छन् । बाबुरामजीको विलक्षण प्रतिभा यहाँ पनि देखियो । यति कुरा जगजाहेर भइसकेपछि पनि उनी बडो तामझामकासाथ अनेक विम्ब, प्रतीक, आदि जोडी भ्रष्टाचारविरुद्ध घरीघरी भाषण दिइरहन्छन् जुन बान्की नमिलेको चित्रकला वा भनौं नास द्यः (नाच सिकाउने देवता) ले साथ नदिएको नाचजस्तो भएको छ ।

यहाँ रामायणमा राजा दशरथले रानी कैकेयीलाई वाचा गरेजस्तै बाबुरामजीले पनि हिसिलालाई कुनै वाचा गरेका थिए कि जसले गर्दा हिसिलाको हरेक कुकृत्यलाई सदर गर्नुपर्ने बाध्यता बाबुरामजीलाई भयो । अनि प्रेसको सामु मलाई भ्रष्टाचारले सिध्याउला भन्ने डर भयो भनी रोइकराई गर्नु पऱ्यो । यदि त्यसो हो भने मण्डेलाजस्तो निडर हुनु पऱ्यो होइन भने बाबुरामजीको भाषण नाटक सिवाय केही हुने छैन । अन्ततः आफ्नै श्रीमतीको कारणले फिलिपिन्सका भूपू राष्ट्रपति फर्डिनाण्ड मार्कोसजस्तै चिलिम हुन बेर लाग्दैन । त्यतिबेला फिलिपिन्समा राष्ट्र प्रमुखकी श्रीमती भएर विलासी जीवन बिताउनमा इतिहास रचेकी इमेल्दा मार्कोसको पनि यस्तै जगजगी थियो ।

त्यसै त भ्रष्टाचारले वाक्कदिक्क बनाइसकेको अवस्थामा भर्खरै ट्रान्सपेरेन्सी इन्टरनेशनलले प्रकाशित गरेको प्रतिवेदन अनुसार २७ अङ्क पाएर नेपाल अति भ्रष्टाचार हुने देशमा पुच्छारबाट १३९ औं स्थानमा परेको विषयले नेपाली समाजमा भ्रष्टाचारलाई पारिवारिक गफको विषय बनाइसकेको छ, कुन मन्त्रीले कति भष्टाचार गऱ्यो वा कुन चाहिँ हाकिमलाई अदालतले कति जरिवाना तिरायो आदि । जति पनि भ्रष्टाचारका कुरा हुन्छन् ती सबै नगद लेनदेन भएपछि मात्रमा सीमित छ । त्यसो त बाबुराम वा कोही रामबाबु मन्त्रीले पनि टेबुलमुनिबाट नगद नै लिएका छैनन् होला । यदि कसैले आफ्नो स्वार्थकै कारणले अरु भ्रष्ट हुने वातावरण निर्माण गर्छ र आफू कर्तव्य विमुख हुन्छ भने त्यो पनि भ्रष्ट ठहरिन्छ । यस्तै गफको सिलसिलामा एकपटक ख्वप कलेजका शिक्षकहरूबीच अनौपचारिक रुपमा भ्रष्टाचारबारे गफ हुँदा एक जना सहकर्मीले भनेको कुरा याद आउँछ । 'अहिले भ्रष्टहरूको विरोध गर्ने नेताहरू सबै भ्रष्टाचार गर्ने मौका नपाएर इमानदार भएका हुन् । यदि मौका पाए भने यी सबै भ्रष्ट हुनेछन् । हामीमध्ये पनि कोही इमानदार हौं भनेर ठोकुवा गर्न सक्दैनौं किनकि हामीले बेइमान हुने मौका अहिलेसम्म पाएकै छैनौं त्यसैले हामी भ्रष्ट हौं वा होइनौ भने कुराको परीक्षा नै भएको छैन ।" अहिलेको परिपेक्षयमा कुरा ठिकै जस्तो लाग्छ । तर गहिरिएर सोच्दा आफ्नो स्वार्थ पूरा गर्न पदको दुरुपयोग वा गलत नियतले अरुलाई अप्ठेरोमा पारी नगद हात पार्ने काममात्र भ्रष्टाचारको अर्थमा सीमित पारेको जस्तो भयो । वास्तवमा आफ्नो जिम्मेवारी पूरा नगर्नु नै भ्रष्ट हुनु हो । यस मानेमा जिम्मेवारी लिएर कार्य क्षेत्रमा लागेका तर कर्तव्यबोध नगर्ने जो कोही भ्रष्टाचारी हुन सक्छन् । माथि उल्लेखित सहपाठी पनि भ्रष्ट हुनसक्ने भए यदि समयमा क्लास लिएनन् वा समय अगावै क्लास छाडे भने । एकजना बस चालकले एक घण्टामा पुग्ने गन्तव्यलाई दुई घण्टा लगाउँछ भने उनी पनि भ्रष्ट हुनसक्ने भयो । डाक्टर पनि भ्रष्ट हुने भयो यदि उनले कमिसनको लोभमा अनावश्यक औषधी बिरामीलाई किन्न लगाउँछन् भने । देशको सम्पति 'विद्युत' चोरी गर्ने व्यक्तिहरू त भ्रष्ट हुन् नै ।

कर्तव्यबोधको कुरा गर्दा केही प्रतिनिधि पात्रहरू याद आउँछन् । मैले चिनेको छु त्रिभुवन विश्वविद्यायलयको पुस्तकालयमा काम गर्ने "विष्णु प्रसाद ओझालाई ।" उनी आफ्नो ड्युटी नसकुञ्जेल कहिले पनि कुर्सीमा बसेनन् किनकि उनको जिम्मेवारी नै विद्यार्थीलाई भनेको बेलामा पुस्तक उपलब्ध गराउनु थियो जुनकुरा बसेर नहुने रहेछ । त्यस्तै इमानदार प्रहरी अफिसरको रुपमा चिनिएका एसपी रमेश खरेलकी श्रीमतीसँग लिइएको अन्तर्वार्ता छापिएका 'उनी' भन्ने किताबको प्रसङ्ग यहाँ कोट्याउनु सान्दर्भिक होला । एकपटक घरखर्च चलाउन पैसाको अभाव हुँदा तिनले भनिन् "प्रहरीमा त राम्रो पैसा हुन्छ भन्ने सुनेकी थिएँ, तपाई त तलबमात्रै ल्याउनु हुन्छ"। श्रीमतीको गनगन सुनेर खरेलजीले जवाफ दिएछन्, "तिमीले घर खर्च व्यवस्थापन गर्नुपर्छ, म आफ्नो तलबबाहेक एक पैसा पनि ल्याउन सक्तिन ।" ओझा र खरेलका यी प्रसङ्ग साँचिकै जो कोही नतमस्तक हुनुपर्ने इमानदारीका अनुपम उदाहरण हुन् भन्दा अतिशयोक्ति नहोला । यसै सन्दर्भमा नेमकिपाका अध्यक्ष रोहितको भनाइ मननयोग्य छ । धन कमाउने नै हो भने व्यापार व्यवसाय गर्नु बेश, राजनीति होइन । राजनीति नेताले देखाउने इमानदारी यस्तै हुनुपर्छ । यसको अर्थ व्यापार व्यवसायमा इमानदारी नभए पनि हुन्छ भन्ने होइन । वास्तवमा आर्थिक विकासको कोणबाट हेर्दा सबै क्षेत्रमा व्यवसायीकरण भयो भने आर्थिक अभिवृद्धि हुन्छ तर राजनीति नै यस्तो एउटा क्षेत्र हो जहाँ व्यवसायीकरणको कुनै गुञ्जाइस रहनु हुँदैन । तर विडम्वना नेपालका राजनीति नेताहरू मज्जैले राजनीतिलाई धन कमाउने पेशा नै बनाइरहेका छन् जसले गर्दा राजनीतिको आडमा भ्रष्टाचार मौलाइरहेको छ । मानिसको वास्तविक परीक्षा भनेको अभावमा हुन्छ न कि सुखसयलमा । यस अर्थमा अनेक अप्ठ्यारोमा पनि आफ्नो कर्तव्य पालन गर्नेमाथि उल्लेखित प्रतिनिधि पात्रले गर्ने भ्रष्टाचारको विरोधको स्वादै मिठो हुन्छ । भ्रष्टहरूको विरोध गर्नुअघि आफ्नो कर्तव्य पूरा गरौं ताकि विरोध दमदार, स्वादिलो र गह्रौ होस्, नभए विरोध कपासजस्तै हलुका हुन्छ र जसले हान्दा भ्रष्टलाई केही हुनेवाला छैन । यतिबेला मलाई लागिरहेछ म पनि कक्षामा ढिलो गए हुँला निकै चोटि, चाँडै कक्षाबाट निस्के हुँला कैयौंपटक, अझ भनौं कहिलेकाहिँ कक्षा नै लिइएन पनि होला । त्यसैले म आफैलाई सोध्न मन लागिरहेछ "के म पनि भष्टाचारी होइन ?"

(लेखक ख्वप कलेजमा अर्थशास्त्र विषय अध्यापन गराउनुहुन्छ ।)

नेकपा माओवादीको महाअधिवेशन सुरुः कम्युनिष्टहरू अवसरवादी नहोऊन्

– दीनबन्धु केसी

नेकपा माओवादीको पहिलो अधिवेशन बुधबारदेखि राजधानी काठमाडौंमा सुरु भएको छ । एमाओवादीले क्रान्तिकारी धार छोडेको र शत्रुसामु आत्मसमर्पण गरेको भनी स्थापना भएको नेकपा-माओवादीको यो अधिवेशनले कस्तो कार्यनीति तयार गर्ने हो, राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ । एमाओवादीले क्रान्तिकारी बाटो त्यागेको कारण गठन भएको नेकपा-माओवादी क्रान्तिकारी हुनैपर्छ । कुनै दर्शन या सिद्धान्तमा आधारित हुनुपर्छ । यस अधिवेशनले नेपालको कम्युनिष्ट आन्दोलन र क्रान्तिका लागि वातावरण तयार गर्ने कार्यनीति तथा रणनीति तयार गर्ने विश्वास गरिएको छ ।

नेकपा-माओवादी क्रान्तिकारी पार्टी हो भने नयाँ सरकारको नेतृत्वमा पार्टी महासचिव रामबहादुर थापालाई प्रमको उम्मेदवारी दिनु गलत छ । पूँजीवादी बन्दोबस्तको सरकारको नेतृत्व गरेर आफ्नो पार्टी क्रान्तिकारी होइँदैन । हल्ला गरेर कुनै दल क्रान्तिकारी हुने होइन । आफ्नो पार्टीको नेतृत्वमा सरकार गठनको माग गर्ने नेकपा-माओवादी कसरी क्रान्तिकारी हुन्छ ? कुनै दलले बन्दुक उठाउँदैमा क्रान्तिकारी हुने होइन । बन्दुक त नेकाले पनि उठाएको थियो । पूँजीपति वर्गको पक्ष लिने नेका कहिले पनि क्रान्तिकारी भएन ।

कम्युनिष्ट पार्टीको उद्देश्य आमूल परिवर्तन हो । आमूल परिवर्तनका निम्ति जनतालाई राजनीतिक र वैचारिक रुपले सचेत र संगठित गर्नुपर्छ । जनतामाझ कम्युनिष्ट पार्टीको नीति तथा कार्यक्रमबारे जानकारी दिइनुपर्छ ।

नेकपा-माओवादी एमाओवादीभैं सत्ताको होडबाजीमा लाग्यो भने उसको पनि क्रान्तिकारी धार रहनेछैन । जातजाति र भाषाभाषीको आधारमा संघराज्य गठनमा लाग्ने र आत्मनिर्णयको अधिकारमा जोड दिने पार्टी कसरी क्रान्तिकारी हुन्छ ? आन्तरिक र बाह्य परिस्थिति अनुकूल नभई हतियार उठाउने वा उठाउन चेतावनी दिँदैमा कुनै पनि कम्युनिष्ट हुन्छ या क्रान्तिकारी हुन्छ भनने होइन । नेकपा-माओवादी एमाओवादीभन्दा कसरी फरक ढङ्गले अघि बढ्ने हो या पार्टी प्रक्रिया अघि बढाउने हो ? जनतामाझ परीक्षाकै विषय छ ।

कम्युनिष्टहरू पद र पैसाको निम्ति राजनीति गर्दैनन् । उनीहरू देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्छन् । व्यक्तिभन्दा समुदाय र समाजलाई उनीहरू जोड दिन्छन् । आफू नै ठूला र सत्ता नै सबथोक सम्झेर सत्ताको नेतृत्व र मन्त्रीको भागबण्डा गर्न पल्केका कम्युनिष्टहरू कम्युनिष्टको सिद्धान्त र विचारबारे जनतालाई बताउँदैनन् । कहिले भावावेगमा त कहिले आवेगमा चर्काचर्का र गरमागरमी भाषण गर्छन्, सतही र असरवादी राजनीति गरेर जनता हातमा लिन्छन् । यो कम्युनिष्ट विचार होइन ।

नेकपा-माओवादी अधिवेशनले विदेशमा सम्पत्ति राख्न नपाउने र सम्पत्तिको सिमाङ्कन गर्ने निर्णय गर्ने विश्वास गरिएको छ । एमाओवादी पूँजीवादी पार्टी र अवसरवादी पार्टीमा परिणत भइसकेको हुँदा नेकपा-माओवादीले नेमकिपाले झैं खोटा विचारको खण्डन गर्दै जानेछ । तर गलत विचारविरुद्ध बोल्ने पार्टीले शोषित पीडित जनताको पक्षमा काम गर्नुपर्छ, राजनीति गर्नुपर्छ ।

पुस २९ गतेसम्म चल्ने सो सम्मेलन नयाँ कार्य दिशा र नयाँ पार्टीको निर्माण कसरी गर्छ हेर्न बाँकी छ ।

विकेन्द्रित विकास नै देशको आवश्यकता

– सुरज सिंह

अहिले नेपालको जनसंख्याको ठूलो भाग देशका केही ठूला सहरमा केन्द्रित भएको छ । ग्रामीण क्षेत्रमा विकासका पूर्वाधार तथा शिक्षा, स्वास्थ्योपचारजस्ता आधारभूत सेवा सुविधा नहुँदा अत्यधिक जनसंख्या सहरतिर उन्मुख भएका छन् । युवा पुस्ता गाउँमा बस्दैनन्, बुढाबुढी र केटाकेटीमात्र छन् । अलिकति पढेलेखेका र हैसियतवालाहरू गाउँमा बस्दैनन्, राजधानी काठमाडौं, मुख्य सहरहरूमा र विदेशतिर छन् । यसले गर्दा एकातिर ग्रामीण क्षेत्रमा खेती किसानी गर्ने जनशक्तिको अभावमा खेतबारीसमेत बाँझो परेका खबर आइरहेका छन् भने सहरी क्षेत्रमा क्षमताभन्दा बढी जनसंख्या वृद्धिले आवास, खानेपानी, बिजुलीको अभाव छ र खाद्यान्न एवं तरकारीको मूल्यसमेत बढेको छ । सहरी क्षेत्र वरपर अव्यवस्थित घर टहरा निर्माण धमाधम भइरहेको छ । प्राकृतिक सम्पदाहरूको विनाश तीव्र भएको छ ।

देशको विभिन्न भागमा विकेन्द्रित विकास नहुँदा जनसंख्या केही सहरमा केन्द्रित र विदेश पलायन भइरहेको हो । देशमा विकेन्द्रित विकासको नीति लागू गर्न जरुरी छ । देशका विभिन्न भागमा व्यवस्थित र आधारभूत, पूर्वाधारसम्पन्न सहरहरूको निर्माण गर्न विकेन्द्रीकरण र स्वायत्त स्थानीय निकाय बन्दोबस्त गर्न, नेपालकै पौरख र लगानीमा साना र मझौला, जलविद्युत आयोजना र खानेपानी आयोगमा सञ्चालन गर्न, बाटोघाटो, अस्पताल, विद्यालय-कलेज, आदि निर्माण गर्न आवश्यक छ । प्राकृतिक स्रोत साधनको समुचित प्रयोग र प्राकृतिक सम्पदाको जगेर्ना गर्न जरुरी छ ।

यति नै खेर नेपालका विभिन्न २७ स्थानमा व्यवस्थित ढङ्गले सहरको विकास गर्ने सरकारको घोषणाले केही आशा जगाएको छ । जुन आजभन्दा दसकौं अघि नै आउनु पर्थ्यो । प्रधानमन्त्री स्वयंले सम्हाल्ने सहरी विकास मन्त्रालयले मध्यपहाडी राजमार्गअन्तर्गत पाँच विकास क्षेत्रका ११ स्थानमा र उत्तर-दक्षिण राजमार्गअन्तर्गत ६ स्थानमा सहर निर्माण गर्ने जानकारी दियो । त्यस्तै एकीकृत सहरी विकास आयोजनाअन्तर्गत ५ स्थानमा व्यवस्थित सहर निर्माण गर्ने योजना बनाइएको मन्त्रालयले जानकारी दिएको राष्ट्रिय दैनिकहरूले उल्लेख गरे । यदि सरकारको घोषणा घोषणामै र प्रतिबद्धतामै सीमित नभए त्यो स्वागतयोग्य छ । ठूलै र धेरै आश्वासन दिने तर त्यसलाई पूरा नगर्ने नेपालका हरेक सरकारको प्रवृत्ति र नियति नै बनेको छ । बाबुराम भट्टराई नेतृत्वको सरकार त्यस प्रवृत्तिमा झनै अगाडि रहेको छ । त्यसैले त्यो घोषणा कार्यान्वयन हुनेमा ठूलै आशंका छ ।

नागरिक अस्पतालले गोलीको छर्राको निःशुल्क शल्यक्रिया गर्ने

काठमाडौं ।

नागरिक अस्पताल भक्तपुरले द्वन्द्वकालमा गोली लागी घाइते भएकाहरूको शरीरमा रहेका गोलीका छर्राको निःशुल्क शल्यक्रिया गर्ने भएको छ । अस्पतालका अध्यक्ष गोपीकृष्ण न्यौपानेले पैसाकै अभावमा कोही पनि स्वस्थ रहने अधिकारबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अस्पतालले सो कार्यक्रम ल्याएको बताउनुभयो । निःशुल्क शल्यक्रियाका लागि सम्बन्धित गाउँ विकास समिति अथवा नगरपालिकाको सिफारिस आवश्यक हुने अस्पतालले जनाएको छ ।

शल्यक्रिया वरिष्ठ न्युरो-सर्जन डा. राकेश वर्माको नेतृत्वको विशेषज्ञ समूहले गर्ने अध्यक्ष न्यौपानेले जानकारी दिनुभयो । साथै अस्पतालले सुत्केरी सेवा निःशुल्क र शल्यक्रिया गरी बच्चा निकाल्दा लाग्ने शुल्कमा ५१ प्रतिशत छुटको समेत व्यवस्था गरेको जनाएको छ ।

'कीर्तिपुर नगरको समानुपातिक विकासमा जोड दिनेछौं'

(कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठसँग हाम्रो सम्वाददाताले नगर परिषद्को बारे गरेको टेलिफोन वार्ताको केही अंश । -सं)



१) प्रमुख ज्यु नगरपरिषद कहिले बस्दै हुनुहुन्छ ?

- आ.व. २०७०/०७१ को लागि हाम्रो कीर्तिपुर नगरपालिकाको १८ औं परिषद् २७ गते शुक्रबार बस्दैछ ।

२) यसपालिको परिषद कस्तो हुनेछ ?

-सर्वदलीय संयन्त्र भंग पछिको परिषद् कर्मचारीहरुबीच हुनेछ ।

३) कतिको बजेट आउँदैछ ?

- विगत बर्ष कै हाराहारीमा १०-११ करोडको ।

४) के कस्तोमा विशेष प्राथमिकता दिनुहुन्छ ?

-आवधिक योजनाबाट तय गरेका, विगत बर्षका अधुरा काम, र वडा वडाबाट प्रस्तावित नयाँ योजनामा विशेष प्राथमिकताका साथ कीर्तिपुर नगरको समानुपातिक विकासमा जोड दिनेछ ।

५) नपाको नयाँभवन बनाउनेबारे के भइरहेको छ ?

-हाल रहेको नगरपालिका भवन अपायक भएको जन गुनासो आइरहेको छ । नयाँ भवन बनाउनको लागि जग्गाको आवश्यकता रहेको छ । कान्जि हाउसको जग्गा भोगाधिकार लिन आवश्यक डकुमेन्ट तयार गर्न काम भैरहेको छ ।

६) शान्ति मन्त्रालयबाट उपलब्ध गराउने भनिएको रकम बारे ?

-सार्थक उपलब्धी भएन । देशमा पूर्ण बजेटको ब्यवस्था असहज भएको कारणले द्वन्द्व पीडित क्षेत्रमा भवन निर्माण गर्न भनी प्रस्ताव गरेको ३ करोड ५० लाख रकम आउँला जस्तो छैन ।

हार्दिक समवेदना



जन्म:
१९९१/७/४

स्वर्गारोहण :
२०६९/९/१७

स्व. इन्द्रलाल श्रेष्ठ

यस श्रेष्ठ गुठीका सदस्य श्री विन्दु राज श्रेष्ठका बुबा
श्री इन्द्रलाल श्रेष्ठ को
असामयिक दुःखद् निधन भएकोले हामी मर्माहित भएका छौं ।
साथै यस दुःखद् घडीमा १३ औं दिनको पुण्य तिथिमा मृतकप्रति
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै
शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना
प्रकट गर्दछौं ।

- गोपाल श्रेष्ठ
- हरिलाल श्रेष्ठ
- शान्त ब. श्रेष्ठ
- निलकण्ठ श्रेष्ठ
- भुपाल श्रेष्ठ
- सुजित कुमार श्रेष्ठ
- राजेश श्रेष्ठ
- प्रदिप श्रेष्ठ
- लक्ष्मी बहादुर श्रेष्ठ
- जगदिस श्रेष्ठ

भावपूर्ण श्रद्धाञ्जली



जन्म :
वि.सं. २००२

स्वर्गारोहण :
वि. सं. २०६९ पुस २४ गते

स्व. केशरी महर्जन

यस संस्थाका संस्थापक शेयरसदस्य सुश्री नविना महर्जन र सविना महर्जनकी हजुरआमा **केशरी महर्जन**को असामयिक दुःखद् निधन भएकोले हामी संस्थाका सञ्चालक समिति तथा कर्मचारीहरु मर्माहित भएका छौं ।
साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी भगवानसँग प्रार्थना गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

परिवर्तनकारी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
नयाँबजार, कीर्तिपुर, काठमाडौं

साहित्य

कविता



– राम महर्जन
कीनपा–१६, नगाउँ

"रन भुल्ल राज"

सरकार सबै आफ्नै तरङ्गमा चम्कियो
जन्ता सधैं आफ्नै ढंगमा खुम्चियो
सबै सरकार बजेटमै मच्चियो
जनता सबै महंगाईमा थिचियो
आजसम्म मात्र मनमुखी सरकार
पाइएन जनताले जनमुखी सरकार
आउँदै जाँदै धनमुखी सरकार
आउँदै आएन आजसम्म देहामुखी सरकार
जो जुनबेला सत्तामुखी भए
तिनीहरुको पोल्टामा धन वर्षा भए
अभागी मोराहरुले मात्र अदालत धाए
भाग्यमानी भ्रष्टहरुले स्यावासी पाए
मठमन्दिरले भरेको देहामा
चलिरहेछ आजसम्म नेताहरुको चलखेल
जबसमम जन्मिदैन कृष्ण जस्ता नेता
तबसम्म कंश जस्ताको राज चल्छ
जबसमम जनताले सही नेता चिनिँदैन
जबम्मि जनताको चेतना खुल्दैन
जबसम्म जनताको कदम ठीक ठाउँमा लाग्दैन
तबसम्म थलिरहन्छ रनभुल्लराज ।

झी पासा पुचःको प्रथम साधारण सभा सम्पन्न

झी पासा पुचः बचत तथा ऋण सहकारी संस्था लिमिटेडको प्रथम वार्षिक साधारण सभा पुस २१ गते सहिद स्मृति भवन कीर्तिपुरमा सम्पन्न भयो ।

मध्यमाञ्चल क्षेत्रीय प्रशासक एवं कार्यक्रमका प्रमुख अतिथि उद्धवप्रसाद बास्कोटाले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको सो सभामा वहाँले कीर्तिपुरको विकासले गति

लिएमा मात्र सहकारीको पनि विकास सहज हुने भन्नुभयो । कीर्तिपुर विकासको लागि सामुहिक रुपले सोचौं, एकजुट भएर अगाडि बढ्नुपर्ने वहाँले बताउनुभयो ।

त्यसक्रममा वहाँले खेलकुद क्षेत्रमा योगदान पुऱ्याउनु भएका संघरत्न महर्जन र मनोज महर्जनलाई सम्मान गर्दै कदर पत्र प्रदान गर्नुभयो ।

संस्थाका अध्यक्ष राजकुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा गोपाल श्रेष्ठ र निलेश नकर्मीले पनि बोल्नुभएको थियो । उक्त अवसरमा आपतविपत पर्दा सहयोगार्थ स्वरुप यस संस्थाले विपत कोषको स्थापना गरेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बास्टोलालाई पनि संस्थाका अध्यक्ष श्रेष्ठले सम्मान गरेको थियो ।

स्मरणीय छ, झी पासा पुचः २०६८ पुस १ गते सहर कारी डिभिजन कार्यालयमा दर्ता भई फागुन १४ गतेबाट संचालन गरेको थियो ।

मापसेको जरिवाना सुरक्षित मातृत्व अक्षय कोषमा

ओखलढुङ्गा । जिल्लाको बरुणेश्वरको रामपुरस्थित इलाका प्रहरी कार्यालयले मादक पदार्थ सेवन गरेर सवारी चलाउने र होहल्ला गर्नेलाई नियन्त्रणमा लिई जरिवाना गरेको रकम सुरक्षित मातृत्व अक्षय कोषमा जम्मा गर्ने गरेको छ ।

नियन्त्रणमा लिइएकाहरूलाई प्रहरीले अवस्थाअनुसार एक घण्टादेखि रातसम्म राखेर आफन्त बोलाई रु. ५११ जरिवाना गरेर छोड्ने गरेको छ ।

जरिवानाबाट उठेको रकम स्थानीय स्वास्थ्य चौकीमा रहेको सुरक्षित मातृत्व अक्षय कोषमा जम्मा हुने इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक पदम थपलियाले बताउनुभयो । "हालसम्म १८ जनालाई जरिवाना गराएका छौं," प्रहरी निरीक्षक थपलियाले भन्नुभयो ।

संकलित रकमबाट गाउँका सुत्केरी गराउन आउने आर्थिक अवस्था कमजोर भएका आमाहरूलाई सहयोग गर्न खर्च गरिने श्री थपलियाले जानकारी दिनुभयो । हालसम्म मापसेको जरिवानाबाट रु. आठ हजार अक्षय कोषमा जम्मा भइसकेको छ ।

स्वास्थ्य चौकीका प्रमुख वेदहरि दाहालले प्रहरीले नागरिकसँग मिलेर गरेको असल कामले निकै सहयोग पुगेको जनाउनुभयो । सो अभियान वि.सं. २०६९ साउनदेखि सुरु गरिएको हो ।

डेढ वर्षअघि स्थापना गरिएको कोषमा रु. दुई लाख ५१ हजारभन्दा बढी संकलन भइसकेको छ । कोषको रकमबाट सुत्केरी गराउन आउने गरिबहरूलाई लाग्ने खर्च तीन महिनासम्म बिनाव्याज ऋण दिने गरिएको छ ।

केही रकम प्रसुतिकक्षका लागि आवश्यक सामग्री किन्न खर्च गरिएको छ । सोही कोष र गाविसबाट एकजना अनमीसमेत राखिएको सिंहदेव दाहालले बताउनुभयो ।

प्रहरी निरीक्षक थपलियाका अनुसार सार्वजनिक स्थलमा चुरोट सेवन गर्नेलाई रु. ११५ जरिवाना गराउने निर्णय पनि भएको छ ।

जनसेवामा विद्यार्थी सीआरसी भ्रमणमा

जनसेवा उच्च माविपाँगाका कक्षा ११ र १२ मा उत्कृष्ट हुन सफल विद्यार्थीहरुलाई चितवन रिसोर्ट क्याम्प (CRC) भ्रमणमा लगेका छन् ।

बुक्स प्याराडाइज जमल काठमाडौंका प्रोप्राइटर दयाराम डंगोलको प्रायोजनमा नियमित वार्षिक भ्रमण गराउने योजना अनुसार यस वर्ष व्यवस्थापनामा उत्कृष्ट छात्रा लक्ष्मी तामाङ, मानविकीमा उत्कृष्ट छात्रा एलिसा महर्जन र शिक्षा संकायमा उत्कृष्ट छात्रा विजया लामा र छात्रा प्रविणा महर्जन भ्रमणमा सहभागी हुने अवसर मिलेको हो । विद्यार्थीहरुको साथमा शिक्षक राजेन्द्र डंगोलले नेतृत्व गर्नुभएको हो ।

सीआरसी चितवन पनि दयाराम डंगोल प्रबन्धक हुनुहुन्छ । नियमति रुपमा भ्रमण पुरस्कारको व्यवस्था गर्नुहुने बुक्स प्याराडाइजका प्रोप्राइटर दयाराम डंगोलले विद्यालय परिवारको तर्फबाट हार्दिक धन्यवाद दिएको छ ।

माओ जयन्तीको अवसरमा प्रशिक्षण कार्यक्रम

काठमाडौं । नेपाल क्रान्तिकारी विद्यार्थी संघ काठमाडौंको आयोजनामा ११९ औं माओ जयन्तीको अवसरमा एक प्रशिक्षण कार्यक्रम टोखामा सम्पन्न भयो । कार्यक्रममा बोल्नुहुँदै नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य नारायण कोजूले समाज विकासक्रमअनुसार समाज परिवर्तनशील रहेको र नेमकिपाको उद्देश्य समाजवादी समाज निर्माण गर्नु रहेको बताउनु भयो । सामन्तवादी समाज भन्दा पूँजीवादी समाज र पूँजीवादी समाज भन्दा समाजवादी समाज प्रगतिशील रहेको बताउनु हुँदै समाजवादी समाजको अवश्याम्वी जीत हुने उहाँको भनाइ थियो । अहिले नेमकिपा समाजवादी प्रचारमा जुटेको र प्रचारप्रसारमा लाग्न प्रेरित गर्नु भयो ।

नेमकिपा काठमाडौं जिल्ला सदस्य वीरबहादुर डंगोलले नेमकिपा सदा गरिब कामदार जनताको पक्ष लिएको र पञ्चायतकाल ताका काठमाडौंमा भएको किसान आन्दोलनलाई सशक्त अगाडि बढाएको बताउनु भयो ।

नेक्राविसंघ केन्द्रीय सदस्य राजेन्द्र चवालले इतिहासमा माओवाद नरहेको र माओले मार्क्सवाद र लेनिनवादको प्रयोग चिनियाँ भूमिमा चिनियाँ विशेषता सहितको नौलो जनवादी क्रान्ति गर्नुभएको र माओ स्वयंले माओविचारधारालाई वादको रुपमा नस्वीकारेको बताउनुभयो ।

कार्यक्रममा प्रतिभा श्रेष्ठले उद्घोषण र विशोक डंगोलले पनि बोल्नुभएको थियो ।

कलेजको नाम परिवर्तनले हावा खायो

काठमाडौं । विदेशी सहर बजारका नाम जोडिएका उच्च माविको नाम परिवर्तन गराउने उच्च माध्यमिक शिक्षा परिषद्ले सुरू गरेको अभियान बीचैमा रोक्ने भएको छ । ठूला र नाम चलेका भनिएका कलेजका सञ्चालकहरूको सम्बन्ध शिक्षामन्त्रीदेखि प्रधानमन्त्रीसम्म सीधा हुने गरेको र त्यही प्रभावले उच्च मावि परिषदमा राजनीतिक दबाब पर्न थालेपछि परिषद् पछाडि हट्न बाध्य भएको हो ।

साना तथा राजनीतिक पहुँच कम भएका उच्च माविले आफ्नोमात्रै नाम परिवर्तन गरिए राम्रो नहुने चेतावनी दिएका छन् ।

ती कलेजले पुराना र नाम चलेका लिटिल एञ्जल्स, जेम्सलगायतका कलेजको नाम परिवर्तन भएपछिमात्रै आफूहरू नाम परिवर्तनको पक्षमा रहने परिषद्लाई बताएको थाहा भएको छ । परिषद्का एक कर्मचारीले दिएको जानकारीअनुसार, परिषद्ले नाम चलेका लिटिल एञ्जल्स, जेम्सलगायतका कलेजको नाम परिवर्तन गर्ननसक्ने अवस्था देखिएपछि सानालाई पनि नछुने मुडमा पुगेको हो ।

परिषद्को सम्बन्धन महाशाखामा काम गरिरहेका कर्मचारी यही तनावका कारण सो महाशाखाबाट सरूवा हुने मेसो खोजिरहेका छन् । विभिन्न विदार्थी संगठनबीच भएको सहमतिअनुसार, विदेशी नाम परिवर्तनका लागि २०६९ मंसिर १५ गते सम्मको म्याद दिइएको थियो ।

यस अवधिमा करिब ७१ वटा उच्च माविले नाम परिवर्तन गर्न सहमत भएको भन्दै निवेदन दिएका थिए । त्यस क्रममा नाम चलेका तथा ठूला भनिएका कुनै पनि उच्च माविले निवेदन दिएका थिएनन् । निवेदन दिएकामध्ये पनि कतिपयले विदेशी नामकै अगाडि वा पछाडि नेपाली नाम झल्किने नाम राख्न पाउनुपर्ने बताएका थिए ।

ठूला र नाम चलेका तथा महँगा उच्च माविले राजनीतिक प्रभावमा आफ्नो कलेजको विदेशी नाम हटाउन नसक्ने अवस्था सिर्जना गर्न थालेपछि साना कलेजहरूको नाम पनि परिवर्तन गर्न नसकिने अवस्था आएको हो ।

सोही कारण सम्बन्धन महाशाखाका प्रमुख देवीप्रसाद बराकोटी सो शाखाबाट सरूवा हुन खोजिरहेको थाहा भएको छ । कलेजको विदेशी नाम परिवर्तन गर्न नसक्ने अवस्था सिर्जना भएपछि काम गर्न नसकेको आरोप खेप्नुभन्दा सो महाशाखा नै छोड्नु राम्रो हुने बराकोटीले बताउँदै आएका छन् ।

माघ महिनामा स्वेच्छिक अवकासमा जान लागेका ढालबहादुर खड्काको स्थानमा जाने मुडमा बराकोटी रहेको बताइन्छ ।

चितवन महोत्सव सुरू

चितवन । 'मध्य नेपालमा लगानी गरौं' भन्ने नाराका साथ चितवन महोत्सव तथा मध्यमाञ्चल औद्योगिक तथा व्यापार मेला बुधबारदेखि सुरु भएको छ । नारायणगढस्थित नारायणी नदी किनारको प्रदर्शनी मैदानमा सुरु भएको महोत्सवको राष्ट्रपति डा.रामबरण यादवले उद्घाटन गर्नु भएको थियो ।

महोत्सवमा चितवन जिल्लाका चिनारी झल्काउने विविध झांकी, कृषि, औद्योगिक लगायतका उत्पादनको प्रदर्शनी, विविध प्रतियोगिता, पर्यटन प्रवर्द्धन लगायतका क्रियाकलाप रहेका छन् । भारत, चीन जर्मनी लगायतका देशहरुको प्रतिनिधित्व गर्ने उत्पादनका स्टलहरु पनि प्रदर्शनीमा राखिएका छन् ।

महोत्सव माघ ५ गतेसम्म चल्ने छ ।

ध्रुव तारा.....

अन्तरक्रियामा सहभागी

केन्द्रीय सदस्य एवं विदेश विभाग प्रमुख प्रेम सुवालले व्यक्त गर्नुभएको हो ।

क्यानाडाबाट पूँजीवादीको विरुद्ध समाजवादको उदयको लागि प्रकाशित नर्थस्टार कम्पासको नेपाली संस्करण हो भन्नु हुँदै नर्थस्टार कम्पास स्पेन, फ्रान्स, अंग्रेजी, रुसबाट प्रकाशित छ भन्नुभयो ।

अमेरिकी साम्राज्यवाद र नाटो राष्ट्रले आफ्नो स्वार्थमा साना देशमाथि एकपछि अर्को आक्रमण गरेको विरोधमा चिनियाँ चीन र रुसको भिटो प्रयोगले अमेरिका झस्केको छ भन्नुभयो ।

वहाँले वर्तमान राजनैतिक अन्योल लम्बिनुमा शासक दलहरुको अकर्मन्यता र अदुरदर्शी हो भन्नुहुँदै नेमकिपाले राखेको प्रस्ताव स्वतन्त्र र तटस्थ व्यक्तिको नेतृत्वमा निर्वाचनमा भाग नलिने निर्वाचित सरकार गठन गरी संसदको चुनाव गर्नुपर्ने बताउनुभयो ।

संविधानसभाको निर्वाचन या पुनःस्थापना जातजाति र भाषाभाषीको बीचको द्वन्द्व जन्माउने बीऊ सावित भैसकेको संविधानसभाको अवसानले प्रस्ट पारेको छ भन्नुभयो ।

जिल्ला समितिका अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा नरमान महर्जन, गुणदास महर्जन, वीर बहादुर महर्जन, प्रतिभा श्रेष्ठ, रविना डंगोल, कृष्णहरी महर्जन, हरिकुमार महर्जन, गीता महर्जन, जितबहादुर महर्जन, श्याम बहादुर श्रेष्ठ, नानीमाया श्रेष्ठ, मदन डंगोल, श्यामकुमार महर्जन, रविन्द्र महर्जन, नानी मैया लामा, राजवीर डंगोललगायतले अन्तरक्रियामा आ-आफ्नो विचार राखेको थियो ।

सम्पदा सम्बन्धमा विचार आदान प्रदान

कीर्तिपुर । कीर्तिपुर स्वयंसेवक समाजको प्रत्येक महिनाको अन्तिम बुधबार हुँदै आइरहेको Idea Sharing Programe पुस २५ गते बुधबार सम्पदा सम्बन्धी विचार आदान प्रदान कार्यक्रम कीर्तिपुर हिलसाइड होटल एण्ड रिसोर्टमा सम्पन्न भयो ।

कार्यक्रममा कीर्तिपुर मा रहेका सम्पदा क्षेत्रहरुको पुरातात्विक र एतिहासिकता बारे पुरातत्वविद शुक्रसागर श्रेष्ठले विश्लेषण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा वहाँले कीर्तिपुरको भौगोलिक बनौटबारे वर्णन गर्नुहुँदै कीर्तिपुर को परापूर्वकालको एतिहासिकता बारे ज्ञान दिनुभएको थियो । वहाँले यहाँका मठमन्दिर- बाघभैरव र उमामहेश्वर मन्दिर, चिलञ्चो चैत्य, आदिको पौराणिक विशेषता र यसको बनौट बारे चर्चा गर्नुभएको थियो ।

त्यसैक्रममा वहाँले कीर्तिपुरको नामाकरण 'कीर्तिपुर

' कसरी भयो भनी वर्णन गर्दै कीर्तिपुर क्षेत्रका सम्पदान विश्वमै चर्चित रहेको अवगत गराउनुभयो । कार्यक्रममा सहभागीहरुको जिज्ञासालाई श्रेष्ठले प्रस्ट पार्नुभएको थियो । त्यस अवसरमा आयोजक संस्थाका संस्थापक अध्यक्ष र विन्द्र बहादुर प्रधानले पनि बोल्नुभएको थियो ।

हिलटाउन गायनमा रोहिनी र नृत्यमा सुरक्षा प्रथम

कीर्तिपुर । हिलटाउन उच्च माविको वार्षिक अतिरिक्त क्रियाकलाप अन्तर्गत यस वर्षको गायन तथा नृत्य तियोगिता पुस २० गते शुक्रबार विद्यालय प्राङ्गणमा सम्पन्न भयो ।

गायनतर्फ ७ वटा र नृत्यतर्फ ९ वटा बीच भएको प्रतिस्पर्धामा गायनमा कक्षा ९ की छात्रा रोहिनी शाही प्रथम, कक्षा ५ की जेनिता बस्नेत र यशोधा गिरी द्वितीय र कक्षा ८ का अरुण लामा तृतीय भएका छन् भने नृत्यतर्फ कक्षा ८ की सुरक्षा भण्डारी प्रथम, छात्र रोमिक महर्जन द्वितीय र कक्षा ९ का छात्र जेम्स महर्जन, रुकेश मानन्धर र रुजल मानन्धरको समूह तृतीय भएको थियो ।

विजयी छात्र-छात्राहरुलाई विद्यालयका प्राचार्य राजन तण्डुकारले नगद पुरस्कारका साथ प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

कम्यूनिष्ट पार्टीको स्थापना नेवारहरुले गरेका हुन्

नेपालमा २००६ सालमा स्थापन भएको नेपाल कम्यूनिष्ट पार्टीको स्थापना नेवारहरुले नै गरेका हुन् । नेपाली जनताहरुको शोषणबाट मुक्त गर्न नेवारहरुको भूमिका महत्वपूर्ण रहेको छ । सो भनाई एकीकृत नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपाल, काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १० को चौथो अधिवेशनमा पुस २० गते पाँगा लाछीमा प्रमुख अतिथि एवं नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपालका संयोजक दिलीप महर्जनले व्यक्त गर्नुभएको हो ।

सम्मेलनको पानसमा दीप प्रज्ज्वल गरी उद्घाटन गरिएको सो कार्यक्रममा वहाँले उत्पीडित जातिको मुक्ति विना एकीकृत माओवादीले पहिचान सहित संघीयता त्यागेमा पार्टी समाप्त हुने चेतावनी समेत दिनुभयो । कार्यक्रममा मोर्चाका काठमाडौं जिल्ला संयोजक पञ्चलाल महर्जन, राजेन्द्र महर्जन, दिलबहादुर महर्जनलगायतले बोल्नुभएको थियो । सो सम्मेलन मोर्चाका १० नं. क्षेत्रका संयोजक बैकुण्ठ महर्जनको सभापतित्वमा भएको थियो ।

सोही दिन बसेको बन्द सत्रबाट बैकुण्ठ महर्जनको अध्यक्षतामा ५७ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतिले चयन गरेको थियो ।

नगरपालिका.....

नेमकिपाले त्रिविसँग जग्गा माग गर्नेपर्ने सुझाव दिएको थियो ।

१६ औं नगरपरिषद्बाट आज १८ औं परिषद् २ वर्ष बितिसक्दा पनि नयाँ भवन बनाउने अत्तोपत्तो छैन भने शान्ति मन्त्रालयबाट प्रस्तावित ३ करोड ५० लाख पनि आकासको फल जस्तै भएको छ ।

नपाका हाल कार्यरत कार्यकारी अधिकृत शान्ति मन्त्रालयको रकम पाउने सार्थक उपलब्ध नभएको बताउनुहुन्छ । यो १८ औं परिषद्ले अब अन्य स्रोत जुटाएर भएपनि कीर्तिपुर नगरपालिकको सुविधासम्पन्न आफ्नै कार्यालय भवन बनाउन कम्मर कस्नुपर्ने जरुरी भैसकेको छ ।

कार्यालय भवन जुन घनत्व भौगोलिक दृष्टि र आवत-जावत यात्रा गर्न सक्ने पायक पर्ने केन्द्रमा निर्माण गर्नतिर सबैको ध्यान जानु पर्दछ ।

नगरपालिका केन्द्रमा बनाउन छलफल

कीर्तिपुरमा क्रियाशील राजनैतिक दल, बुद्धिजीवि र पूर्व जन निर्वाचित जनप्रतिनिधिबीच नगरपालिका भवन केन्द्र भागमा अर्थात् सबैलाई पायक पर्ने स्थानमा बनाउनुपर्ने बारे छलफल सुरु गरेको छ ।

छलफलमा सहभागीहरुले सबैलाई पायक पर्ने ठाउँको छनौट गर्ने र सबैलाई मान्य हुने ठाउँमा निर्माण गर्ने आवश्यक प्रक्रिया कार्यान्वयन गर्न गराउन नपालाई सुझाव समेत दिने भएका छन् ।

त्यसबारे विस्तृत छलफल गर्न यही माघ १६ गते बृहत भेला बस्ने भएको छ ।

बास्केटबल.....

मैदान खाल्डो खनिएपनि पट्टा लगाउन सकेको छैन ।

कीर्तिपुर पाँगा बासीको लाखौं रुपैयाँबाट बनाएको सो कोर्टमै अब कति वटा खाल्डो खनिने हो ठेगान छैन ।

यसबारे विद्यालयका प्राचार्य नन्दकुमारी महर्जनसँग सम्पर्क गर्दा काउखालीले कहाँबाट चुहेको तुरुन्तै पत्तालगाई समाधान गर्नुपर्ने त्यसको लागि ढलान कोर्ट अन्दाजको भरमा खाल्डो खन्नुको सट्टा भलिवल कोर्टमा खाल्डो खनेर कति डिस्टान्समा चुहावट भएको सो पट्टा लगाई मात्र बास्केटबल कोर्टमा खाल्डो खन्नुपर्ने भन्नुभयो ।

काउखाली यस चुहावटबारे सजग र सतर्क भई काम ढिला नगरी समाधान नखोजेमा बास्केटबल कोर्ट भाँस्न सक्ने खतरा रहेको छ ।

बाटो पानी बगेर हिँड्न नहुने भइरहेको छ भने बाटो समेत विगारीसकेको छ ।

हिंसा सहनु.....

अन्याय गर्नेलाई दण्ड दिनुपर्ने जोड दिनुभयो ।

कार्यक्रममा काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १०का अध्यक्ष ज्ञानबहादुर गोपाली, सदस्य रत्ना गुरुङ, रमा आले, रामकुमारी महर्जन, स्वेप्त नेपालका अध्यक्ष सृजना माली प्रधान लगायतले महिला हिंसा विरुद्धबारे बोल्नु भएको थियो ।

कार्यक्रममा एमाले कीर्तिपुरका एवं अधिवक्ता सुरेन्द्र मानन्धरले नेपालमा कानुन पर्याप्त नभएको अवगत गराउँदै महिला हिंसा रोकथामको लागि जोड दिनुपर्ने बताउनु भयो । वहाँले भएको कानुनको पनि प्रभावकारी प्रयोग गर्न/गराउन राजनीतिक हस्तक्षेप रोक्नु पर्ने बताउँदै हिंसा सहनु पनि हिंसा नै भएकोले हिंसा विरुद्ध लड्न आह्वान गर्नुभयो ।

कार्यक्रम अखिल नेपाल महिला संघ कीर्तिपुर नगर समितिका अध्यक्ष विन्दु महर्जनको सभापतित्वमा भएको थियो ।

हिमाल सिमेन्ट....

मन्त्रालयको गतिविधि प्रस्तुत गर्ने क्रममा सो जानकारी दिएको हो ।

उद्योग मन्त्रालयका गतिविधिमा मुलुकको पाँचै विकास क्षेत्रमा हस्तकला ग्राम स्थापना गर्ने क्षेत्र/स्थान निर्धारण गरेको छ ।

सुदुरपश्चिमाञ्चलको कैलालीमा घरेलु तथा साना उद्योग समितिको कार्यालय प्राङ्गण, मध्यपश्चिमाञ्चलको सुर खेतमा, पश्चिमाञ्चलको कास्की जिल्लामा, पूर्वाञ्चल मेटिङ्ग जिल्लाको सदरमुकाम विराटनगर र मध्यमाञ्चलमा चोभारस्थित स्थान तोकिसकेका छन् भने हिमाल सिमेन्ट कारखानाको बाटो माथिपट्टिको जमिन, भक्तपुरस्थित नेपाल विद्युत प्राधिकरण तालिम केन्द्र रहेको जमिन र घरेलु तथा साना उद्योग विकास समितिको स्वामित्वमा रहेको पुरानो बानेश्वर बत्तीसपुतलीको जमिनमा सम्भाव्यता भएको स्थानको रुपमा लिएका छन् ।

वहाँको अनुसार स्थान किटान भएकामा कार्य सुरु गर्न बजेट माग भैसकेको पनि जानकारी दिनुभयो ।

क्यान इन्फोटेक माघ २४ देखि

काठमाडौं, । कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान)ले माघ २४ गते देखि मिदास क्यान इन्फो टेक २०१३ गर्ने भएको छ । बुधबार राजधानीमा पत्रकार सम्मेलन गरी इन्फो टेक बारे विस्तृत जानकारी गराएको हो ।

विश्वमा सूचना तथा संचार क्षेत्रमा भएका विकास तथा नयाँ प्रविधिको विकासका बारेमा क्यानले प्रदर्शनी मार्फत उपभोक्तालाई सुसुचित गराउने उदेश्यका लिएको आयोजकले जनाएको छ । विगत १९ वर्ष देखि निरन्तर रुपमा बार्षिक सूचना प्रविधि सम्मेलन गर्दै आएको सम्मेलनमा सूचना प्रविधि सम्बन्धी हरेक नयाँ र नौला प्रविधि तथा बस्तु प्रदर्शनीमा राखिने र यस बारे विस्तृत जानकारी गराइने क्यानले जनाएको छ ।

इन्फोमा युवा पुस्तालाई लक्षित गरी नयाँ किसिमका मोबाइल, इन्टरनेट, सफ्वेयर, ल्यापटप लगायतका समाग्री रहने आयोजकले बताएको छ । कार्यक्रम राजधानीको भृकुटिमण्डपमा ६ दिनसम्म चल्ने छ ।

समाजसेवी बेखादासको श्रद्धाञ्जली सभा हुने

समाजसेवी एवं एनेकपा माओवादीका सक्रिय स्थानीय नेता बेखादास महर्जनको श्रद्धाञ्जली सभा भोलि २८ गते विहान ८ बजे भञ्याँपुखुमा हुने भएको छ ।

एनेकपा माओवादी काठमाडौं क्षेत्र नं. १० को आयोजनामा हुने सो श्रद्धाञ्जली सभामा सहभागी हुन सबै जनसमुदाय, परिवार र साथीभाईहरुलाई अनुरोध गरेको छ । उहाँको पुस १६ गते निधन भएको थियो ।

साउथ भ्यालीमा रक्तदान हुने

साउथ भ्याली इङ्गलिस स्कुलको पूर्व विद्यार्थीहरुको संगठनको आयोजनामा भोलि २८ गते शनिबार विद्यालयको प्राङ्गणमा रक्तदान कार्यक्रम हुने भएको छ ।

सो रक्तदान कार्यक्रममा सहभागी हुन आयोजकले अनुरोध गरेको छ ।